ग्रामथान गाउँपालिका
Gramthan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive
तेतरिया,मोरङ
Tetariya,Morang
कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal

पत्र संख्या : २०८२/०८३
Ref.No :2082/083
चलानी नं. :

**विषयः हाटबजार र विज्ञापन कर ठेक्का सम्बन्धि सूचना।**
**(प्रथम पटक प्रकाशित मितिः २०८३।०३।११)**

प्रस्तुत विषयमा यस ग्रामथान गाउँपालिकाको निर्णयानुसार आ. व. २०८३/०८४ को लागि यस गाउँपालिका अन्तर्गत तपशिल बमोजिम हाटकर, विज्ञापन कर सम्बन्धि ठेक्का आह्वान गर्नु पर्ने भएकोले ईच्छुक नेपाली नागरिक वा कम्पनी/फर्महरुले सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| सि. नं. | ठेक्का नं. | ठेक्काको विवरण | वडा नं. | न्यूनतम अंक मु. अ. कर बाहेक | दरभाउपत्रको मुल्य रु. (फिर्ता नहुने गरि) | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८३।०८४ | हाट बजार कर (वडा क्षेत्र भित्र लाग्ने हटिया) | १ | ७०,१००/- | १०००/- (एक हजार मात्र) | कबोल अङ्कको ५% |
| २ | ०२/०८३।०८४ | हाट बजार कर (वडा क्षेत्र भित्र लाग्ने हटिया) | २ | २,७५,०००/- | १०००/- (एक हजार मात्र) | कबोल अङ्कको ५% |
| ३ | ०३/०८३।०८४ | हाट बजार कर (वडा क्षेत्र भित्र लाग्ने हटिया) | ३ | ६०,०००/- | १०००/- (एक हजार मात्र) | कबोल अङ्कको ५% |
| ४ | ०४/०८३।०८४ | हाट बजार कर (वडा क्षेत्र भित्र लाग्ने हटिया) | ४ | १,२२,५००/- | १०००/- (एक हजार मात्र) | कबोल अङ्कको ५% |
| ५ | ०५/०८३।०८४ | हाट बजार कर (वडा क्षेत्र भित्र लाग्ने हटिया) | ५ | २,७५,०००/- | १०००/- (एक हजार मात्र) | कबोल अङ्कको ५% |
| ६ | ०६/०८३।०८४ | हाट बजार कर (वडा क्षेत्र भित्र लाग्ने हटिया) | ६ | ३३,५००/- | १०००/- (एक हजार मात्र) | कबोल अङ्कको ५% |
| ७ | ०७/०८३।०८४ | हाट बजार कर (वडा क्षेत्र भित्र लाग्ने हटिया) | ७ | ३,७५,०००/- | १०००/- (एक हजार मात्र) | कबोल अङ्कको ५% |
| ८ | ०८/०८३।०८४ | विज्ञापन कर (गाउँपालिका क्षेत्र भित्र) | | ७०,०००/- | १०००/- (एक हजार मात्र) | कबोल अङ्कको ५% |

**शर्तहरु**

१. सिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०८३/०३/१७) सम्म यस कार्यालयमा कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

२. सिलबन्दी दरभाउपत्र ८ औं दिन (मिति २०८३/०३/१८) दिनको १२:०० बजे सम्म दर्ता गर्न सकिनेछ र सोही दिनको २:०० बजे सिलबन्दी दरभाउपत्रदाता र अन्य प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ।

३. सिलबन्दी दरभाउपत्रदाताले धरौटी बापत आफुले कबोल गरेको अङ्कको ५ प्रतिशत रकम यस कार्यालयको नाममा रहेको एन.आई.सी. एसिया बैकको धरौटी खाता नं. ६९४१०००५८३६५२४०३ मा जम्मा गरेको सक्कल प्रति भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

मुरारी प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive
तेतरिया,मोरङ
Tetariya,Morang
कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal


पत्र संख्या : २०८२/०८३
Ref.No :2082/083
चलानी नं. :

४. सिलबन्दी दरभाउपत्र सकार गरेको मितिले १५ दिन भित्र सम्झौता गरी आफुले कबोल गरेको रकम अग्रिम रुपमा एकमुष्ट बुझाउनु पर्नेछ।

५. उल्लेखित शर्त पूरा नगरेमा ठेक्का स्वीकृत भई सकेको भएता पनी ठेक्का बदर गर्न सकिनेछ र ठेक्का बदर गर्नु परेमा धरौटी रकम समेत जफत हुनेछ।

६. ठेक्का सम्झौता भएपछी बन्द हड्ताल जस्ता कारणले कर छुट वा मिनाहाको लागी ठेकदार पक्षबाट दावी गर्न पाईने छैन्।

७. गा.पा. ले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ।साथै ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएमा गा.पा. को निर्णय अन्तिम हुनेछ।

८. करका दररेटहरु गा.पा. ले तोके बमोजिम अशुल उपर गर्नुपर्नेछ अन्यथा बढी रकम अशुल गरेको ठहर भएमा सम्झौता भङ्ग भएको मानी सो तर्फ कारवाही अगाडी बढाइने छ।

९. हटियामा लाग्ने सरसफाई तथा कर्मचारीहरु सम्बन्धी सम्पूर्ण खर्च तथा अन्य लाग्ने राजस्व तथा कर ठेकेदार स्वयमले व्यहोर्नु पर्नेछ।

१०. यस गा.पा. अन्तर्गत विगतमा बुझाउनुपर्ने ठेक्का पेश्की बेरुजु रहेको व्यक्ति वा परिवारको अन्य सदस्य ठेक्कामा सहभागि हुन पाउने छैन तर दरभाउपत्र खरिद गर्नु अघि उल्लेखित रकम दाखिला गरेमा ठेक्कामा सहभागी हुन बाधा पर्ने छैन्।

११. सिलबन्दी फारममा आफुले कबोल गरेको ठेक्का रकम अङ्क र अक्षर दुबैमा केरमेट नगरी स्पष्ट लेख्नु पर्नेछ। तर अङ्क अक्षर फरक परेमा सार्वजनिक हितको सिद्धान्तलाई मानि निर्णय गर्नलाई बाधा पर्ने छैन।

१२. दरभाउपत्र खरिद गर्न लिखित निवेदन साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी फर्म वा कम्पनीको ईजाजतपत्र, मू. अ. कर प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ।

१३. म्याद नाघी र रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन्।

१४. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट सोही समयमा गरिनेछ।

१५. उल्लेखित शर्तहरु वाहेक अन्य कुराहरु प्रचलित ऐन नियम अनुसार हुनेछ। साथै जानकारीको लागी यस गा.पा. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१६. ठेक्का कबोल गरि छनौट भई समयावधि भित्र सम्झौता गर्न नआएमा यस गाउँपालिकालाई हानी भएको ठहर्ने हुँदा सो हानी नोक्सानी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

**बोधार्थ:**

१. श्री ७ वटै वडा कार्यालयहरु (सूचना टाँस गरि जानकारी पठाई दिनुहुन)।
२. श्री सुचना प्रविधि शाखा (वेवसाईटमा अपलोड गरिदिनु हुन)।

२०८२।४।११
मुरारी प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत


वेबसाइट: https://gramthanmun.gov.np इमेल : ito.gramthanmun@gmail.com सम्पर्क नं. ९८५२०५१७९४